हसिनादेवी श्रेष्ठ

# मुटुभरि प्रजातन्त्र



जन्म : वि.सं. १९७५

*हुँदैन बिहान मिरमिरे तारा झरेर नगए*
*बन्दैन मुलुक दुई-चार सपुत मरेर नगए ।*

प्रख्यात् कवि भूपी शेरचनले लेखेका कविताका यी पङ्क्ति एक सामान्य गृहिणी हसिनादेवी श्रेष्ठलाई थाहा हुने कुरै भएन । काठमाडौंको प्याफलका युवा गङ्गालाल श्रेष्ठसँग वैवाहिक सूत्रमा बाँधिदासम्म पनि उहाँले यस्ता पङ्क्तिहरूको अर्थ बुझ्नुभएको थिएन । प्रारम्भमा उहाँका पनि आमस्वास्नीमानिसका जस्तै सामान्य सपनाहरू थिए- घरधन्दा चलाउने, श्रीमान्को अभिभावकत्वमा सुरक्षित जीवन बिताउने र परम्परा निर्वाह गर्ने । तर, जति बेला आफ्ना श्रीमान् राणाशाहीको जरो उखेल्न सक्रिय भएको हसिनादेवीले थाहा पाउनुभयो, त्यसपछि भने उहाँको जीवनको धार नै परिवर्तन भयो । औसत चेतनाकी गृहिणीका लागि गङ्गालालको निर्णय विस्मयकारी, आश्चर्यजनक र अलौकिक थियो । जानाजान मृत्युवरणको तयारी ! हसिनादेवीका लागि गङ्गालालको निर्णय एउटा भयानक सपनाजस्तो थियो । तर, समय नै सबैभन्दा बलवान हुन्छ भनेझैँ सामना गर्नुबाहेक हसिनादेवीसँग कुनै विकल्प रहेन । र, अन्ततः हसिनादेवीले मन-मुटुमा जसलाई सजाएर राख्नुभएको थियो, उहाँलाई राणाहरूले आफ्नो सिकार बनाए । त्यसपछि गङ्गालाल हसिनादेवीका श्रीमान् मात्र होइन, नेपाली आकाशमा सधैँ चम्किरहने ध्रुवताराजस्तै अटल बनेर चम्किरहनुभएको छ ।

राणाहरूले ठानेका थिए- गङ्गालालहरूलाई मारियो भने जनताको स्वतन्त्रताको आवाज सधैँका लागि मर्नेछ, ज्यानको आशमा जनता पुच्छर लुकाएर दुलाभित्र पस्नेछन् । तर, परिणाम उनीहरूले सोचेजस्तो कसरी हुन्थ्यो र ? गङ्गालालहरूले बगाएको रगतबाट रक्तबीजहरू जन्मे र उहाँको सहादतको १० वर्ष नपुग्दै राणाशासनले सधैँका लागि मृत्युवरण गर्नुपर्‍यो । एउटा कालो अध्यायको अन्त्यका लागि गङ्गालालजस्ता सपुतहरूले बलिदानी नदिएको भए आज हामी स्वतन्त्रतापूर्वक शिर ठाडो पारेर नागरिक हुनुको गौरवबोध गर्न पाउने थिएनौँ ।

आफ्नो मुटुभन्दा प्यारो मानिसको माया कसलाई लाग्दैन र ? हसिनादेवीलाई पनि गङ्गालालको असाध्यै माया लाग्थ्यो । अहिले पनि गङ्गालालसँग बिताएका सीमित क्षणहरू सम्झिँनासाथ हसिनादेवीका वृद्ध आँखा रसाइहाल्छन् । "तर पनि मन बुझाएर बाँच्नुपऱ्यो"- उहाँको कथन छ- "जुन उद्देश्यका साथ उहाँले जीवन बलिदान गर्नुभएको थियो, मेरा आँखावरिपरि त्यही उद्देश्य नाँचिरहन्छ ।" प्रजातन्त्रको जग निर्माण गर्न गङ्गालालले खर्चेको रगतको दुरूपयोग नहोस् भन्ने उहाँको चाहना छ । सत्ताको सिंढी को चढ्छ, को ओर्लिन्छ, उहाँलाई त्यसको सामान्य जानकारीसम्म पनि छैन । तर, प्रजातन्त्रका लागि आफ्नो श्रीमान्ले रगत बगाएको भने हसिनादेवी कहिल्यै बिर्सन सक्नुहुन्न ।

सम्वत् १९८९ सालमा हसिनादेवी १४ वर्षकै कलिलो उमेरमा गङ्गालालकी जीवनसँगिनी बन्नुभएको थियो । उहाँले मुस्किलले आठ वर्ष मात्रै दाम्पत्य जीवन बिताउन पाउनुभयो । १९९७ सालमा गङ्गालाल श्रेष्ठ राणाहरूको हातमा पर्दा उहाँ गर्भवती हुनुहुन्थ्यो । त्यही अवस्थामै आफ्नो चेतनाले भ्याएसम्म हसिनादेवीले गङ्गालाललाई छुटाउन सकिन्छ कि भनेर प्रयत्न गर्नुभयो । सुझबुझ, योजना र प्रतिबद्धताका साथ राणाहरूको दासताभन्दा मृत्यु स्वीकार्न तयार भएका महान् योद्धा गङ्गालालको भित्री कुरा उहाँलाई त्यति थाहा नभए पनि राणाहरूलाई मनाउन सकियो भने आफ्नो श्रीमान्लाई छोडिदिन्छन् कि भन्ने भावना उहाँको मनमा उब्जेको थियो । त्यतिबेलाका सर्वेसर्वा श्री ३ जुद्धशमशेर नागार्जुनमा बसिरहेको अवस्थामा गर्भवती हसिनादेवी हिंडेरै 'बिन्ती' गर्न त्यहाँ पुग्नुभयो । तर, सत्ताको मातले अन्धो भएका जुद्धशमशेरले किन भेट दिन्थे र ? बरु भित्रैबाट उहाँको घोर अपमान गर्दै खबर पठाएछन्- "उमेर छँदैछ, जसले पनि लगिहाल्छ, पोइल जा रे भनिदेऊ ।" त्यसपछि सबै आशा मारेर उहाँ आँशुले बाटो भिजाउँदै फर्किनुभयो । यस्ता क्रूर, अमानवीय र राक्षसी राणाहरूको शासन साँच्चै ठीक रहेनछ भन्ने भावना हसिनादेवीको मनमा पनि पऱ्यो । त्यसपछि उहाँलाई गङ्गालाल झन् महान् लाग्न थाल्नुभयो ।

उता गङ्गालाललाई राणाहरूको कठोरभन्दा कठोर यातनाले पनि गलाउन सक्ने कुरै थिएन। गङ्गालाललाई दिएको यातना र उहाँको प्रतिरोधबारे महिला नेतृ मङ्गलादेवी सिंहले यसरी उल्लेख गर्नुभएको छ- "दिनहुँ बाँसमा झुन्ड्याएर कोर्रा लगाउने र साविती बयान गराउने कोसिस गरियो। पिटाइको असैह्य पीडापछि गङ्गालाल भन्नुहुनथ्यो रे- 'भो अब नपिट, सबै कुरा भन्छु।' त्यसपछि पुलिसहरू बाँधेको डोरी खोलिदिन्थे। उहाँ 'पानी खाएर मात्र भन्नसक्छु' भन्नुहुन्थ्यो, पानी मगाइन्थ्यो। त्यो पुस-माघको जाडोमा उहाँ एक करुवा पानी पिइसक्नुहुन्थ्यो। त्यसपछि जवाफ दिनुहुन्थ्यो- 'मलाई केही पनि थाहा छैन।' एवम् प्रकारले लगाएका लुगाहरू पूरै लत्पतिन्थे। तर पनि उहाँ सावित हुनुभएन, माफी माग्नुभएन।" बाहिर आउने यस्ता खबरले हसिनादेवीलाई खपिसक्नु हुँदैनथ्यो। तर, सामना गर्नुबाहेक उहाँसँग कुनै विकल्प बाँकी थिएन।

यस्ता महान् वीरकी जीवनसँगिनी हसिनादेवीले दुई दिनको सुत्केरी हुँदा आफ्ना श्रीमान्लाई राणाहरूले मार्दैछन् रे भन्ने सुन्नुभएको थियो। शारीरिक अशक्ततालाई चुनौती दिँदै उहाँले गङ्गालाललाई भेट्न खोज्नुभयो। हिँडेर जान सक्ने अवस्था नभएपछि उहाँलाई तामदानीमा चढाएर गङ्गालाललाई थुनिएको जेलमा पुऱ्याइयो। तर, अपशोच ! हसिनादेवी त्यहाँ पुग्न ढिलो भइसकेको रहेछ। गङ्गालालहरूलाई जति बढी बाँच्न दियो, त्यति आफ्नो शासन हल्लिएको महसुस गरेका राणाहरूले त्यसअघि नै गोली हानी उहाँको हत्या गरिसकेका थिए। हसिनादेवी विह्वल मन लिएर घर फर्किनुभयो र नेवारी परम्पराअनुसार काजकिरियामा सामेल हुनुभयो।

हसिनादेवीलाई अहिले पनि याद छ- गङ्गालाललाई उहाँले अन्तिमपटक देख्दा उहाँको काखमा छोरा रवि थियो। प्रहरी आएर गङ्गालाललाई पक्राउ गर्दा उहाँले हातमा दिएर जानुभएको जेठो छोरा रवि पाँच वर्षभन्दा बढी बाँच्न सकेन। गङ्गालाल दृढ अठोट र प्रतिबद्धताका साथ उहाँहरूबाट जसरी छुट्टिनुभएको थियो, बरु सहादत

वरण गर्न तयार हुनुभयो तर आफ्नो त्यो विशेषता छोड्न कहिल्यै तयार हुनुभएन ।

आठ वर्षको दाम्पत्य जीवनमा हसिनादेवीले कहिल्यै पनि गङ्गालालको चर्को वचन सुन्नुपरेन । अध्ययनमा सधैँ जोड दिने गङ्गालाल हसिनादेवीलाई पनि पढ्नमा प्रेरित गर्नुहुन्थ्यो । त्रि-चन्द्र कलेजमा विज्ञानमा प्रमाणपत्र तहमा अध्ययनरत गङ्गालालको अद्भुत क्षमता र दृढता देखेर हसिनादेवीलाई भित्रभित्रै डर पनि लाग्थ्यो । "तर, मैले कहिल्यै उहाँलाई रोकिन"- ६५ वर्षअघि फर्किँदै उहाँ भन्नुहुन्छ- "त्यत्तिको आँटी मान्छे मैले अहिलेसम्म देखेकी छैन ।" सायद त्यस्तो आँट, साहस र प्रतिबद्धता नभएको भए गङ्गालालले हाँसीहाँसी मृत्युवरण गर्न पो कहाँ सक्नुहुन्थ्यो होला र ?

राणाशासनमा 'रैती' लाई प्रजातन्त्रको सपना देख्न मनाही थियो । जसले प्रजातन्त्र र नागरिकअधिकारको सपना देख्थे, उनीहरूले गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द र शुक्रराज शास्त्रीको नियति भोग्नुपर्थ्यो । प्रजातन्त्रबाट राणाहरू त्रस्त र भयभीत थिए तर अधिकांश जनताले पनि प्रजातन्त्र भनेको बुझेका थिएनन् । यतिसम्म कि, सहिदका परिवारलाई सम्मान र आदरका साथ होइन, हेलाँ र घृणाका साथ हेरिन्थ्यो, .उनीहरूलाई अछूत व्यवहार गरिन्थ्यो । जताततै भोग्नुपर्ने अपमान, पीडा र वेइज्जतीलाई पनि हसिनादेवीले पिउनुभयो । उहाँको मनमा कुनै पश्चाताप र ग्लानि होइन, क्रमशः गर्व र सन्तोष उब्जिन थाल्यो । ००७ सालमा प्रजातन्त्र स्थापना भएपछि भने उहाँहरूको परिवारलाई सम्मानका दृष्टिले हेर्न थालियो । तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यले मासिक एक सय रुपियाँ भत्ताको व्यवस्था गरिदिए भने पछि त्यो बढेर मासिक पाँच सयमा पुग्यो । ०४६ सालमा प्रजातन्त्र पुनःस्थापना भएपछि राजनीतिक पीडितका रूपमा हसिनादेवीले एक लाख रुपियाँ पाउनुभयो । तर, गङ्गालालको सहादत कुनै रुपियाँ-पैसाका लागि होइन भन्ने उहाँलाई राम्ररी थाहा छ ।

इतिहासमा पीडा, गौरव र सङ्घर्षको त्रिवेणीका रूपमा

बाँचिरहनुभएकी हसिनादेवी आफैँ कुनै राजनीतिक सङ्घर्षमा सहभागी हुनुभएन। तर, सहिदपत्नी हुनुको गौरवले उहाँलाई छोड्ने कुरै भएन। महिलाहरूका थुप्रै कार्यक्रममा पुगेर उहाँले आफ्नोतर्फबाट हौसला र प्रेरणा दिने गर्नुभएको छ। राणाकालीन नेपाली समाजको पीडा खेप्ने जिउँदो इतिहास हसिनादेवीसँग छ।

हसिनादेवीलाई आफ्नो जन्म कहिले भएको हो भन्ने ठ्याक्कै याद छैन। तर, १९९० सालको महाभूकम्प आउँदा आफू १५ वर्षकी भएको र त्यसको एक वर्षअघि गङ्गालालसँग विवाह भएको भने सम्झना छ। यस आधारमा उहाँको जन्म सम्वत् १९७५ मा भएको मान्नुपर्छ। काठमाडौँको बाङ्गेमूढामा जन्मिनुभएकी हसिनादेवी अहिले कान्छा छोरा शशि श्रेष्ठका साथ बालाजुमा बस्नुहुन्छ।

व्यक्तिको मूल्याङ्कन आजको विन्दुमा मात्रै उभिएर गर्दा पूर्ण हुन सक्दैन। नेपालको प्रजातान्त्रिक इतिहासलाई आजको अवस्थामा ल्याइपुर्‍याउन थुप्रै योद्धाहरूले प्रत्यक्ष-अप्रत्यक्ष, भौतिक-मानसिक, प्रधान-गौण भूमिका निर्वाह गरेका छन्। श्रीमान्ले प्राप्त गरेको सहादतमा गौरव गरेर मुटुभरि प्रजातन्त्र सजाउने हसिनादेवी अहिलेको पुस्ताका लागि जिउँदो इतिहास र प्रेरणा हुनुहुन्छ।

◆